आज मिति २०७७।१२।२० गते मंगलबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७७।१२।२०

**बैठकका प्रस्तावहरु** :

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.८ कार्यालयबाट वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री उपेन्द्र सिंह महतो कोईरीको आकस्मिक दुर्घटनामा परी दाहिने हात काटिएको हुंदा उपचारको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) गत आ.व.२०७६।०७७ मा पत्रपत्रिकाको लागि वितरण भएको रकममा रु.३५,०००।- बढी भुक्तानी भएको रकम सोधभर्ना पाउ भनी यस न.पा. कार्यलयका सुपरभाइजर श्री विनोद कुमार रायले निवेदन पेश गरको सम्बन्धमा ।

प्रस्ताव नं.३) MAW Skills Academy काठमाडौंबाट प्रदेश नं.२ मा हेभि इक्युपमेन्ट, मोटरसाइकल, ए.सी, रेफ्रिजिरेटर मर्मत लगायतका तालिम संचालन गर्न तालिम केन्द्र स्थापना गर्नको लागि जग्गा माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) वडा नं.८ मा चौतारा निर्माण गर्न रु.१,५०,०००। विनियोजन भएकोमा उक्त कार्यको लागि थप रु.६०,०००। विनियोजन गर्न माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.६ निवासी श्री सोम बहादुर वोम्जनले आफू निकै ठुलो विरामीले पिडित भएकोले उपचार गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) आ.व.२०७७।०७८ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएका निम्न जटिल प्रकृतिका आयोजनाहरु उपभोक्ता समितिहरुसंग सम्झौता गरी सञ्चालन गर्ने र सम्झौता भैसकेका कार्यहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८) यस न.पा.वडा नं.७ स्थित मिथिला पोखरिया सागरको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९) ट्रमा सेन्टर स्थापना गर्न यस न.पा. क्षेत्र भित्र जग्गा उपलब्ध गराउने सम्बधमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं.१ कार्यालयलाई कम्वल वितरण गर्न रकम उपलब्ध गराउने सम्बधमा ।

प्रस्ताव नं.११) सितोरियो करांते संघबाट आर्थिक सहयोग माग भएको सम्बधमा ।

प्रस्ताव नं.१२) गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बधमा ।

प्रस्ताव नं.१३) राजश्व परामर्श समितिबाट पेश भएको राजश्व दर अनुमोदन गर्ने सम्बधमा ।

प्रस्ताव नं.१४) मि.न.पा. वडा नं.१ कार्यलयबाट मोटर साइकल मर्मत वापतको रकम भुक्तानीको लागि अनुरोध भएको सम्बधमा ।

प्रस्ताव नं.१५) बेंगडावर युवा क्लव मि.न.पा. लाई खेलकुद सामाग्री उपलब्ग गराउने सम्बन्धमा ।

**बैठकका निर्णयहरु** :

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.१७४२ मिति २०७७।१२।१९ को पत्रबाट वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री उपेन्द्र सिंह महतो कोईरीको मिति २०७७।११।०१ गते आकस्मिक दुर्घटना भई दाहिने हात काटिएको हुनाले राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौंमा भर्ना भै उपचार गराइरहेको हुंदा आर्थिक सहयोग माग भएकोमा निजलाई औषधी उपचार गर्न रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा गत आ.व.२०७६।०७७ मा पत्रपत्रिकाको लागि वितरण भएको जम्मा रु.४,४५,०००।- मध्ये यस कार्यालयबाट रु.४,१०,०००।- मात्र निकासा भएको हुंदा नपुग रकम रु.३५,०००।- बढी थप निकासा पांउ भनी यस कार्यालयका सुपरभाइजर श्री विनोद कुमार राले मिति २७७।१२।१९ मा निवेदन दिनु भएकोमा पत्रपत्रिकाको लागि भुक्तानी भएको रकममा नपुग रु.३५००० निवेदकलाई भुक्तानी दिने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा MAW Skills Academy काठमाडौंको मिति २०७७।१२।०१ को पत्रबाट प्रदेश नं.२ मा हेभि इक्युपमेन्ट, मोटरसाइकल, ए.सी, रेफ्रिजिरेटर मर्मत लगायतका तालिम संचालन गने उद्धेश्यले तालिम केन्द्र स्थापना गर्न जग्गा माग भएकोमा उक्त MAW Skills Academy काठमाडौंलाई तालिक केन्द्र स्थापना गर्न यस न.पा.को वडा नं.३ हरिहरपुरमा जग्गा उपलब्ध गराउन सकिने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा वडा नं.८ मा चौतारा निर्माण गर्न नगरसभाबाट वडा कार्यालयको लागि रु.१,५०,०००।- विनियोजन भएकोमा उक्त कार्यको लागि थप रु.६०,०००। विनियोजन गर्न माग भएको हुंदा नगर मर्मत संभारकोषबाट खर्च लेख्ने गरी उक्त कार्यको लागि थप रु.६०,०००।- (अक्षरेपी साठी हजार मात्र) विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ निवासी श्री सोम बहादुर वोम्जनले आफू निकै ठुलो विरामीले पिडित भएकोले उपचार गर्नको लागि आर्थिक सहयोग माग गरी यस कार्यालयमा मिति २०७७।१२।०२ मा निवेदन दिनु भएकोमा निजलाई रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) अर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.५ मा छलफल गर्दा आ.व.२०७७।०७८ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएका निम्न जटिल प्रकृतिका आयोजनाहरु उपभोक्ता समितिहरुसंग सम्झौता गरी सञ्चालन गर्ने र सम्झौता भै सकेको कार्यहरुको अनुमोदन गर्ने निर्णय पारित गरियो ।

क) डिप वोरिङ्ग निर्माण उपभोक्ता समिति मि.न.पा. वडा नं. ९ (रु.२०,००,०००।-)

ख) सिंचाई डिप वोरिङ्ग निमार्ण उपभोक्ता समिति मि.न.पा. वडा नं.३ (रु.२०,००,०००।-)

ग) डिप ट्युववेल सिंचाई वोरिङ्ग निमार्ण उपभोक्ता समिति मि.न.पा. वडा नं.१ ( रु.२०,००,०००।-)

घ) सिंचाई डिप वोरिङ्ग निमार्ण उपभोक्ता समिति मि.न.पा. वडा नं.४ (रु.१,८०,०००।-)

ङ) खानेपानी सिंचाई योजना उपभोक्ता समिति मि.न.पा. वडा नं.३ (रु.५०,००,०००।-)

च) कुसुम सिंचाई उपभोक्ता समिति मि.न.पा. वडा नं.८ (रु.४५,००,०००।-)

छ) डिप ट्युववेल निर्माण उपभोक्ता समिति मि.न.पा. वडा नं.२ (रु.४५,००,०००।-)

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता हुनका लागि प्राप्त भएका निवेदनहरु मध्ये यस न.पा.का.को प्रतिवेदन अनुसार निम्न निर्माण व्ययसायीको यस न.पा.कार्यालयमा व्यवसाय दर्ता गर्ने निर्णय पारित गरिया ।

क) श्री सिकेन्द्र एण्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि., मि.न.पा.८, धनुषा ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा यस न.पा.वडा नं.७ स्थित निर्माणधिन मिथिला पोखरिया सागरको हालसम्म सम्पन्न भैसकेका भौतिक संरचनाहरु र थप निर्माण गर्नुपर्ने संरचनाहरु समेत समावेश हुने गरी विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्न आवश्यक व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा प्रदेश नं.२ मा ट्रमा सेन्टर स्थापना गर्न यस न.पा.को वडा नं.१० मा ट्राफिक रिफ्रेश सेन्टर नजिक पूर्वमा बडहरी खोला, दक्षिणमा नेपाल प्रहरीको कार्यालय, पश्चिममा ट्राफिक रिफ्रेश सेन्टर र उत्तरमा खोला तथा निजि जग्गा रहेको स्थानाम ३ (तीन) विघा जग्गा उपलब्ध गराउन सकिने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा प्रदेश यस न.पा.का. वडा नं. १ कार्यालयलाई शितलहरबाट जोगिन वडावासीहरुलाई वितरण गरिएको कम्बलको रकम भुक्तानी गर्न विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा सितोरियो करांते संघ, डोजो ढल्केवरको मिति २०७७।१२।०३ को पत्रबाट २ नं. प्रदेश स्तरिय कराते छनौट प्रतियोगिता २०७७ चैत्र ११ र १२ गते गराउनु पर्ने भएको हुंदा आवश्यक आर्थिक सहयोगको लागि निवेदन पेश भएकोमा नगर प्रमुखज्यूबाट मिति २०७७।१२।०६ गते रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आार्थिक सहयोग उपलब्ध गराउन तोक आदेश भएको हुंदा उक्त आर्थिक सहयोग अनमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस कार्यालयको पशु विकास शाखा मार्फत स्वीकृतिको लागि पेश भएको गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गर्दा राजश्व परामर्श समितिबाट पेश भएको देहाय बमोजिमको राजश्व दर हिउदे नगरसभाबाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

क) सेवा प्रदायक संघ संस्था तथा नाफामुलक व्यवसायीहरुको नगरपालिकामा सूचिकृत गर्दा वापतको दस्तुर रु. २००।- (दुईसय मात्र) ।

ख) रासाइनिक मल विकेता नविकरण दस्तुर रु.१,०००।- (एक हजार मात्र) ।

ग) १ (एक) मेघाबाट शौर्य आयोजना संचालन को लागी अनुमति सिफारिश वापतको दस्तुर रु.२५,०००।- (पच्चीस हजार मात्र) ।

ङ) आर्थिक लेनदेन कागजात प्रमाणीत गर्दा धनीले निम्न रकमको कागजात प्रमाणीत वापत निम्न बमोजिमको शुल्क वुझाउनु पर्ने :

<u>तपसिल :</u>

रकम रु. ५० हजार देखि ५ लाख सम्म - दस्तुर रु.१५०। - (एक सय पचास मात्र)
रकम रु. ५ लाख १ देखि १० लाख सम्म - दस्तुर रु.३००।- (तीन सय मात्र)
रकम रु. १० लाख १ देखि २५ लाख सम्म - दस्तुर रु.१,०५०। - (एक हजार पचास मात्र)
रकम रु. २५ लाख १ देखि ५० लाख सम्म - दस्तुर रु.२,५००।- (दुई हजार पाच सय मात्र)
रकम रु. ५० लाख १ देख माथी - दस्तुर रु.५,०००।- (पांच हजार मात्र)

च) सेफ्टी मेसिनबाट टुवाईलेट सफा गर्दा (प्रति रिङ्ग) दस्तुर रु.२५०/- (दूइ सय पचास) ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यलयको च.नं.१४८५ मिति २०७७।२।११ को पत्रबाट वडा अध्यक्षज्यूले प्रयोग गरिरहनु भएको मोटर साइकल मर्मत गर्दा संलग्न विल बमोजिम लागेको रकम वडास्तरीय चालु खर्चमा विनियोजित रकमबाट भुक्तानी गर्न अपुग भएको हुंदा नगरस्तरीय बजेटबाट मोटर साइकल मर्मत वापतको रकम भुक्तानीको लागि अनरोध भएकोमा सवारी साधन मर्मत शिर्षकबाट खर्च लेख्ने गरी बिल बमोजिम रु.२६,०५०।- (अक्षरेपी छब्बीस हजार पचास मात्र) भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा बेंगडावर युवा क्लव मि.न.पा. ले धनुषाधाम नगरपालिका आयोजित मेयरकप फुटवल प्रतियोगितामा भाग लिनका लागि फुटवल, जर्सी लगतयतका सामाग्री उपलब्ध गराइदिनु हुन भनी मिति २०७७।०८।२८ मा यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा उक्त क्लवलाई माग बमोजिमका खेलकुद सामाग्री खरिद गरि वितरण गर्दा एन.बि. इन्टर नेशनल प्रा.लि., बर्दिवासको बिल बमोजिम लागेको रु.९९,११०।- (उनान्सय हजार एक सय दश मात्र) भुक्तानी गर्ने निर्णय पारित गरियो ।